**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०४ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- निर्वाचन आयोगले पश्चिम बंगालमा विभिन्न स्तरमा तृणमूल कांग्रेसका नेताहरूलाई प्रदान गरिएको व्यापक पुलिस सुरक्षाको बारेमा गम्भीर आपत्ति जनाएको छ।

- मतदाताहरूको सुविधाको लागि निर्वाचन आयोगले पश्चिम बंगालमा ४ हजार ६६० भन्दा बढी सहायक मतदान केन्द्रहरू स्थापना गर्न अधिकृत गरेको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले भोली कूचबिहारको राशमनी मैदानमा भारतीय जनता पार्टीको चुनावी रैलीलाई सम्बोधित गर्नु हुनेछ।

- राष्ट्रीय अन्वेषण अभिकरण (एनआईए) को एक टोलीले आज पश्चिम बंगालको मालदामा रहेको कालियाचक-२ बीडीओ कार्यालयको भ्रमण गरेको छ।

- २०२६ को बंगाल विधानसभा निर्वाचनको अघि दार्जिलिङ र कालिम्पोङ जिल्लामा विभिन्न राजनीतिक दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले आफ्नो नामांकन दर्ता गरेका छन्।

**निर्वाचन आयोग: पश्चिम बंगालमा सुरक्षा फिर्ता लिइयो**

निर्वाचन आयोगले पश्चिम बंगालमा विभिन्न स्तरमा तृणमूल कांग्रेसका नेताहरूलाई प्रदान गरिएको व्यापक पुलिस सुरक्षाको बारेमा गम्भीर आपत्ति जनाएको छ। आयोगले यस विषयमा सम्भावित पक्षपाती दृष्टिकोणको बारेमा पनि आशंका व्यक्त गरेको छ। आयोगका सुत्रहरु अनुसार, चुनावको घोषणा हुनुभन्दा अघि, राज्य सरकारले ८३२ तृणमूल कांग्रेसका नेताहरू र सत्तारूढ दलका समर्थकहरू सहित १४४ अन्य व्यक्तिहरूलाई सुरक्षा प्रदान गर्न कुल २,१८५ पुलिस कर्मचारीहरू तैनाथ गरेको थियो। यस विषयलाई गम्भीरतापूर्वक लिँदै, निर्वाचन आयोगले राज्य पुलिस महानिदेशक सिद्धिनाथ गुप्तालाई दुई देखि तीन दिन भित्र निष्पक्ष तरिकाले सुरक्षा व्यवस्थाको समीक्षा गर्न निर्देशन दिएको छ। आयोगले स्पष्ट पारेको छ कि तृणमूल कांग्रेसका नेताहरूलाई हाल प्रदान गरिएको सुरक्षा आयोगको सहमति बिना नै जारी छ। यसअघि, आयोगले आपराधिक मुद्दा दर्ता भएका राजनीतिक नेताहरूबाट सुरक्षा फिर्ता लिने आफ्नो निर्देशनको पालनाको बारेमा पश्चिम बंगाल पुलिसबाट स्थिति रिपोर्ट पनि मागेको थियो। आयोगले स्पष्ट रूपमा भनेको थियो कि यो कारबाही राजनीतिक सम्बद्धताको पर्वाह नगरी समान रूपमा लागू गरिनुपर्छ। आयोगले स्थापित मापदण्डको उल्लङ्घन गरी सरकारी सुरक्षा प्रदान गरिएका, हाल जमानत अथवा प्यारोलमा रिहा भएका र आपराधिक इतिहास भएका नेताहरूबाट सुरक्षा कभर फिर्ता लिन निर्देशन दिएको थियो।यसबाहेक, गैर-जमानती पक्राउ वारेन्ट विचाराधीन रहेका नेताहरूको सम्बन्धमा, आयोगले उचित समयसीमा भित्र यी वारेन्टहरू कार्यान्वयन गर्न निर्देशन जारी गरेको छ। यद्यपि, बंगाल पुलिसले यस सम्बन्धमा अहिलेसम्म अनुपालन प्रतिवेदन पेश गरेको छैन| यस ढिलाइको लागि आयोगले आफ्नो असन्तुष्टि व्यक्त गरेको छ।

**निर्वाचन आयोग – पश्चिम बंगाल**

मतदाताहरूको सुविधाको लागि निर्वाचन आयोगले पश्चिम बंगालमा ४ हजार ६६० भन्दा बढी सहायक मतदान केन्द्रहरू स्थापना गर्न अधिकृत गरेको छ। आयोगले दर्ता भएका मतदाताहरूको संख्या १,२०० भन्दा बढी भएका मतदान केन्द्रहरूको लागि यो स्वीकृति प्रदान गरेको छ। थप रूपमा, आयोगले मतदाताहरूलाई सुविधा दिन ३२१ मतदान केन्द्रहरूको स्थानान्तरणलाई अनुमोदन गरेको छ। यी सहायक मतदान केन्द्रहरू सहित, पश्चिम बंगालमा मतदान केन्द्रहरूको कुल संख्या अब ८५ हजार३७९ छ। यस सम्बन्धमा निर्वाचन आयोगले राज्यका मुख्य निर्वाचन अधिकारीलाई पत्र लेखेको छ। आयोगले सहायक मतदान केन्द्रहरूको स्थापना र अवस्थित मतदान केन्द्रहरूको स्थानान्तरणको बारेमा मतदाताहरूलाई जानकारी गराउन व्यापक प्रचार अभियान सञ्चालन गर्न निर्देशन पनि जारी गरेको छ।

**प्रधानमंत्री कूचबिहार रैली**

प्रधानमंत्री नरेन्द्र मोदीले भोली कूचबिहारको राशमनी मैदानमा भारतीय जनता पार्टीको चुनावी रैलीलाई सम्बोधित गर्नु हुनेछ। राज्य बिधानसभा चुनावका लागि भाजपाले सबै 294 सीटमा आफ्नो उम्मेदवारको घोषणा गरे पछि प्रधानमंत्री नरेन्द्र मोदीको यो पहिलो चुनावी जनसभा हुनेछ। यस जनसभामा नवै विधानसभा सीटका भाजपा उम्मेदवारहरू उपस्थित रहने छन्।

**......बाइट....**

(चुनावको दृष्टिकोणमा भाजपाका लागि कूचबिहार जिल्ला महत्वपूर्ण छ। विगत 2021 को बिधानसभा चुनावमा भाजपाले कूचबिहार जिल्लाका जम्मा 9 सीट मध्ये 8 वटा सीट जितेको थियो। यद्यपी 2024 को लोकसभा चुनावमा भाजपको हार भएको थियो। तत्कालीन केन्द्रीय गृह राज्यमंत्रीलाई टीएमसीका जगदीश चन्द्र बासुनियाले झण्डै 40 हजार मतले बिजयी भएका थिए। अहिले भाजपाले आफ्नो यस गढलाई बलियो बनाउन सकभर प्रयास गरिरहेको छ। यसैले प्रधानमंत्री नरेन्द्र मोदीको यस रैलीलाई निकै महत्वपूर्ण मानिन्दैछ। यहाँ राजबंशी, कोच, मेच, राभा समुदायमा भाजपाको पकड बलियो बनाउनुमा प्रधानमंत्रीको यस रैलीले निकै बल प्रदान गर्नेछ। श्री मोदीले कूचबिहारबाट राज्य भाजपाको चुनाव प्रचारको थालनी गर्नुको तात्पर्य राज्यमा भाजपाको सरकार सुनिश्चित गर्नु रहेकोछ। यसपालि उत्तर बंगालका 54 सीटमा भाजपाले निकै जोर दी रहेकोछ।

जनसभालाई लिएर पूरा जिल्लामा सुरक्षाको ठोस व्यवस्था गरिएको छ। यस सम्बन्धमा प्रधानमन्त्रीको सुरक्षा टोली र विशेष सुरक्षा समूह (एसपीजी) का अधिकारीहरू सुरक्षा व्यवस्थाको समीक्षा गर्न कूचबिहार आइपुगेका छन्। सेनाको हेलिकप्टरले कूचबिहार विमानस्थलमा परीक्षण अवतरण पनि गरेको छ।

**पश्चिम बंगाल – एनआईए मालदा**

राष्ट्रीय अन्वेषण अभिकरण (एनआईए) को एक टोलीले आज पश्चिम बंगालको मालदामा रहेको कालियाचक-२ बीडीओ कार्यालयको भ्रमण गरेको छ। टोलीले सात न्यायिक अधिकारीहरूलाई उद्धार गर्न सहयोग गर्ने पाइलट कार चालकहरूसँग सोधपुछ गरेको छ। घटनाको समयमा घटनास्थलमा उपस्थित अधिकारीहरूसँग पनि उनीहरूले सोधपुछ गरेका छन्। यस मुद्दाको सम्बन्धमा धेरै संदिग्धहरूलाई हिरासतमा लिइएको छ। एजेन्सीले बुधबार भएको घटनाको अनुसन्धान गरिरहेको छ, जसमा कार्यालय बाहिर न्यायिक अधिकारीहरूको घेराबन्दी र उनीहरू विरुद्ध गरिएको हिंसा समावेश छ। सर्वोच्च न्यायालयको आदेश पछि निर्वाचन आयोगले यो मुद्दा एनआईएलाई हस्तान्तरण गरेको छ।

**मुख्यमन्त्री हेलिकप्टर**

मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीको हेलिकप्टर नजिकै आज शंकास्पद ड्रोन देखिएपछि सुरक्षा व्यवस्थाको चिन्ता बढेको छ। मुख्यमन्त्रीले यस घटनाको तत्काल अनुसन्धान गर्न निर्देशन दिनु भएको छ। मालदा जिल्लाको

मालतीपुरमा मुख्यमन्त्री एक सार्वजनिक र्‍यालीलाई सम्बोधन गरेपछि आफ्नो हेलिकप्टर चढ्न लागेको समय यो घटना भएको थियो| यो आज को दिनको उहाँको दोस्रो सार्वजनिक र्‍याली थियो| यस अघि उहाँले पहिला मणिकचकमा र्‍याली गर्नु भएको थियो र तेस्रो सार्वजनिक सभाको लागि गाजोल जाने कार्यक्रम थियो।
हेलिप्याडमा हेलिकप्टर नजिक पुग्दा, एउटा ड्रोन सिधै अगाडि घुमिरहेको देखियो। यो देखेपछि, मुख्यमन्त्रीले केही बेर रोकिन् र मञ्चबाटै पुलिसलाई यस विषयमा कडा निगरानी राख्न निर्देशन दिनु भयो। उहाँले पुलिसलाई यस मुद्दामा सतर्क रहनुपर्ने र यसको लागि जिम्मेवार व्यक्तिहरूको पहिचान गर्नुपर्ने निर्देश दिनु भयो।

**तृणमूल कांग्रेस नेता पक्राउ**

पश्चिम बंगालको देउली प्रथम ग्राम पञ्चायतका तृणमूल कांग्रेस नेता हाफिजुल मोल्ला प्रधानलाई मतदाताहरूलाई धम्काएको आरोपमा पक्राउ गरिएको छ। उहाँ माथि दक्षिण २४ परगना जिल्लामा आफ्ना राजनीतिक विरोधीहरूलाई धम्की दिएको आरोप छ। निर्वाचन आयोगका एक अधिकारीले पश्चिम बंगाल पुलिसले आरोपी विरुद्ध आवश्यक कानुनी कारबाही सुरु गर्ने बताउनु भयो।

**अनुराग सिंह ठाकुर**

भाजपा सांसद अनुराग सिंह ठाकुरले आज बागडोग्रा विमानस्थलमा अवतरण गरे पछि, तृणमूल कांग्रेस माथि कडा आक्रमण गर्नु भयो। इस्लामपुर जानुअघि उहाँले पश्चिम बंगालमा भ्रष्टाचार, शोषण र माफिया शैलीको अराजकता चरम सीमामा पुगेको आरोप लगाउनु भयो। मुख्य मन्त्रि ममता ब्यानर्जीलाई लक्षित गर्दै श्री ठाकुरले भन्नु भयो विगत १५ वर्षमा राज्यमा भ्रष्टाचार र महिला विरुद्धको अत्याचार बढेको छ, जबकि युवाहरूको दुर्दशा गम्भीर चिन्ताको विषय बनेको छ। मालदामा भएको घटनालाई उल्लेख गर्नु हुँदै उहाँले यो कुनै सामान्य घटना नभएर ठूलो षड्यन्त्र भएको टिप्पणी गर्नु भयो। न्यायिक अधिकारीहरूलाई अवरोध गरिएको घटनालाई उद्धृत गर्नु हुँदै उहाँले राज्यको कानून व्यवस्थाको अवस्थामाथि गम्भीर प्रश्न उठाउनु भयो। भ्रष्टाचारको मुद्दाको बारेमा बोल्नु हुँदै श्री ठाकुरले राज्यमा हजारौं करोडको घोटाला भएको र मन्त्रीहरूको निवासबाट ठूलो मात्रामा नगद बरामद भएको दाबी गर्नु भयो। उहाँले मुख्यमन्त्रीले अनुसन्धान एजेन्सीहरूको काममा बाधा पुर्‍याइरहेका र निर्वाचन आयोगका अधिकारीहरूलाई धम्क्याउने प्रयास भइरहेको आरोप पनि लगाउनु भयो। यसैबीच, मतदाता सूचीबाट नाम हटाइएको मुद्दाको सन्दर्भमा, उहाँले अवैध घुसपैठको आरोप लगाउँदै यसले राज्यको जनसांख्यिकीय परिदृश्यलाई परिवर्तन गरिरहेको बताउनु भयो। उहाँले चुनाव प्रक्रिया शान्तिपूर्ण रुपमा चुनाव गर्न र चुनाव पछि शान्ति कायम राख्न पनि अपील गर्नु भयो।

**नकद बरामद**

२०२६ को विधानसभा चुनावको बीचमा, निर्वाचन आयोगको स्टेटिक सर्विलांस टीम (एसएसटी) ले सिलगड़ीको जलपाईमोर क्षेत्रमा नियमित चेकपोस्ट निरीक्षणको क्रममा एक वाहनबाट २ लाख ७० हजार रुपियाँ नगद बरामद गरेको छ। रिपोर्ट अनुसार, हिजो अबेर राति चेकपोस्ट खोजीको क्रममा, पुलिस कर्मी र निर्वाचन आयोगका अधिकारीहरू सम्मिलित संयुक्त टोलीले चम्पासरीमा बस्ने व्यापारीको गाडी रोकेको थियो। गाडीको खोजी गर्दा, ठूलो मात्रामा नगद बरामद भएको थियो। सोधपुछको क्रममा, व्यापारीले नकद रुपियाँको बारेमा सन्तोषजनक स्पष्टीकरण दिन सकेन, जसपछि पैसा जफत गरिएको थियो। यद्यपि, नगदको स्रोत र अभिप्रेत प्रयोगको बारेमा स्पष्ट विवरण दिन नसकेका कारण उनी विरुद्ध कारबाही सुरु गरिएको छ। निगरानी प्रयासहरूलाई अझ तीव्र बनाएको छ।

**विधान सभा नामांकन**

२०२६ को बंगाल विधानसभा निर्वाचनको अघि दार्जिलिङ र कालिम्पोङ जिल्लाभरी विभिन्न राजनीतिक दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले आफ्नो नामांकन दर्ता गर्ने प्रक्रिया आज पनि जारी रह्यो। दार्जिलिङ क्षेत्रबाट भाजपा उम्मेदवार नोमान राईले आज २०२६ पश्चिम बंगाल विधान सभा निर्वाचनका लागि दार्जिलिङ जिल्लापाल (डीएम) कार्यालयमा आफ्नो नामांकन दर्ता गर्नु भयो। उहाँले आफुले जनसमर्थन पाइरहेको बताउँदै जित निश्चित रहेको दाबी गर्नु भयो। दार्जिलिङ निर्वाचन क्षेत्रबाट इन्डियन नेशनल कांग्रेसका उम्मेदवार माधव राईले विधानसभा निर्वाचनको लागि आफ्नो नामांकन दर्ता गर्नु भएको छ। कालेबुङ क्षेत्रबाट भाजपाका उम्मेदवार भरत क्षेत्रीले आज आफ्नो नामांकन दर्ता गर्नु भएको छ। यसरी नै, इन्डियन गोर्खा जनशक्ति फ्रन्टका Bhernone Britto Lepcha ले कालेबुङ क्षेत्रबाट अबेर भएको कारण आफ्नो नामांकन पत्र दर्ता गर्न पाउनु भएन| यद्यपि उहाँले सोमबार कालेबुङ जिल्लापाल कार्यलयमा आफ्नो नामांकन दर्ता गर्नु हुनेछ| खरसाङ विधानसभा समष्टिबाट निर्दलीय उम्मेद्वारको रुपमा मोहन शर्मा र सुमेंद्र तामांगले आ-आफ्नो नामांकन पत्र बुझाएका छन्|

**भरत छेत्री-नामांकन**

आगामी विधानसभा चुनावका निम्ति कालेबुङ क्षेत्रमा भारतीय जनता पार्टीका उम्मेदवार भरत क्षेत्रीले आज आफ्नो नामांकन दर्ता गरेका छन्| यस अवधि दार्जिलिङका सांसद राजु बिष्ट पनि उपस्थित थिए। पत्रकारहरूलाई सम्बोधन गर्दै सांसद राजु बिष्टले आफ्नो उम्मेदवार भरत क्षेत्रीले खेलकुद क्षेत्रमा देशलाई विश्वभरि चिनाउने काम गरेको बताउनुभयो। श्री विष्टले भरत छेत्रीसित समाजको निम्ति पारदर्शी रुपमा कार्य गर्न सक्ने क्षमता भएको बताउनुहुँदै आफ्नो जित निश्चित रहेको पनि विश्वास व्यक्त गर्नुभयो।  जीटीए व्यवस्था नराम्रो होइन तर पश्चिम बङ्गालको तृणमूल सरकारले जी टी ए -लाई शैक्षिक रूपमा चल्न नदिएको तथा यस प्रणालीको आफूले विरोध गरेको पनि राजू विष्टले बताउनुभयो। यसका साथै पहाडमा हरघर जल योजना, प्रधानमन्त्री ग्रामीण सडक योजना अनि प्रधानमन्त्री आवास योजना जस्ता धैरै योजनाहरूमा भ्रष्टाचार भएको पनि श्री विष्टले दाबी गर्नुभएको छ।

**भागोप्रमो अमर लामा**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले आज बिहान तीनधारे महानदी समष्टि अन्तर्गत घुम्ती चियाबारीमा आफ्नो चुनाव प्रचार गर्नु भएको छ। उहाँले घुम्ती चियाबारीको श्रमिकहरुसित भेटघाट साथै विभिन्न समस्याहरु विषयमा बातचीत गर्नु भयो। भागोप्रमो उम्मेद्वार अमर लामाले श्रमिकहरुको विभिन्न समस्याहरु समाधान गर्ने आश्वासन दिनु भएको छ। घुम्ती चियाबारीको कारखाना नजिकमा रहेको गन्ती डाँडामा आयोजित चुनावी सभालाई पनि सम्बोधन गर्नु हुँदै अमर लामाले पहाडबाट भागोप्रमोका तीनजना विधायकहरु जितेर विधानसभामा पुगेपछि चियाबारी श्रमिकहरुको विभिन्न समस्याहरु विषयमा कुरा उठाउने आश्वासन दिनु भएको छ।

**भूतपूर्व सैनिकद्वारा जिटिए प्रमुख अनित थापालाई धन्यवाद ज्ञापन**

गोर्खा एक्स–सर्भिसमेन वेलफेयर एसोसिएसनद्वारा आयोजित एक विशेष कार्यक्रममा जिटिए प्रमुख कार्यपाल अनित थापालाई धन्यवाद ज्ञापन गरिएको छ। खरसाङस्थित टाउन हलमा सम्पन्न उक्त कार्यक्रममा ठूलो संख्यामा भूतपूर्व सैनिकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रमका प्रमुख अतिथिका रूपमा उपस्थित अनित थापाले गोरखा एक्स–सर्भिसमेन वेलफेयर एसोसिएसनका समस्या र आवश्यकताप्रति आफू सदैव संवेदनशील रहेको बताउनु भयो। यस अवसरमा आगामी विधानसभा चुनावमा खरसाङबाट भागोप्रमोका उम्मेदवार अमर लामा पनि कार्यक्रममा सहभागी हुनुभएको थियो। जानकारी अनुसार, विगत करिब ५० वर्षदेखि संगठनसँग आफ्नै कार्यालय नभएको समस्या रहँदै आएको थियो। यस विषयमा जिटिए प्रमुखसमक्ष राखिएपछि अनित थापाले तुरुन्त पहल गर्दै खरसाङको बस टर्मिनस नजिक फायर ब्रिगेड मुनि संगठनका लागि

कार्यालय निर्माण गरिदिनु भएको थियो। यस सहयोगप्रति कृतज्ञता व्यक्त गर्दै संगठनले विशेष कार्यक्रम आयोजना गरी अनित थापालाई सम्मानसहित धन्यवाद ज्ञापन गरेको हो। कार्यक्रममा वक्ताहरूले यस कार्यले भूतपूर्व सैनिकहरूको दीर्घकालीन समस्याको समाधान भएको उल्लेख गर्दै जिटिए प्रमुखप्रति आभार प्रकट गरेका थिए।

****** ० ******